# कृषि यान्त्रिकरण अनुदान वितरण सम्बन्धि कार्यविधि,२०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०५।२९

**प्रस्तावनाः** कृषि पेशालाई व्यवसायिक बनाउने तथा कृषिमा यान्त्रीकीकरण र आधुनिकीकरण गर्ने कार्यका लागि आवश्यक कृषि औजारहरुमा कृषकहरुलाई सरल र सहज पहुँच स्थापित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कृषि यान्त्रिकरण अनुदान सम्बन्धि कार्यविधि, २०८०" रहेको छ ।

(२) यो गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यविधि" भन्नाले कृषि यान्त्रिकरण अनुदान सम्बन्धि कार्यविधि, २०८० लाई सम्झनु पर्छ ।

ख. "गाउँपालिका" भन्नाले "मार्मा गाउँपालिका, दार्चुला " लाई सम्झनु पर्छ ।

ग. "यान्त्रिक सामग्री" भन्नाले कृषि पेशालाई व्यवसायिक तथा आधुनिकीकरण गर्ने कार्यका लागि आवश्यक पर्ने कृषि औजार भन्ने सम्झनु पर्छ ।

घ. "अनुदान" भन्नाले सूचीकृत आपूर्तिकर्ताबाट खरिद गरिएका कृषियन्त्र, औजार, उपकरण तथा अन्य यान्त्रिक मेशिनरी सामग्रीहरु खरिद मूल्यमा तोकिए बमोजिम हुने गरी ५० प्रतिशत रकमले हुन आउने गरी सम्वन्धित लाभग्राही वा आपूर्तिकर्ता लाई उपलब्ध गराइने रकम भन्ने सम्झनु पर्छ ।

ङ. "कृषक समूह" भन्नाले यस गाउँपालिका वा अन्य सरकारी निकायमा कानुन बमोजिम दर्ता भएको कृषक समूह सम्झनु पर्छ ।

च. "कृषि सहकारी" भन्नाले यस गाउँपालिका वा अन्य सरकारी निकायमा कानुन बमोजिम दर्ता भएको कृषि सहकारी सम्झनु पर्छ ।

छ. कृषि उद्यमी, कृषि कम्पनी तथा कृषि फर्म भन्नाले उद्योग तथा पर्यटन कार्यालय वा आन्तरिक राजश्व कार्यालय वा कम्पनी रजिष्टारको कार्यालय वा यस गाउँपालिकामा दर्ता भएका उद्यमी, कम्पनी वा फर्म भन्ने सम्झनु पर्छ ।

ज. "कृषिजन्य सामग्री" भन्नाले गाउँपालिकाको कृषि विकास तथा पशु सेवा शाखाको कार्यक्रमबाट वितरण गरिने कृषिजन्य सामग्री भन्ने सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

३. कार्यक्रम सञ्चालनः (१) गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा कृषि यन्त्र, औजार, उपकरण तथा अन्य यान्त्रिक मेशिनरी सामग्री वितरण तपसिल बमोजिमका विधिबाट कार्यान्वयन गरिनेछ ।

(क) माग सङ्कलन

(ख) माग छनोट गर्ने

(ग) आपूर्तिकर्ताको छनौट

(घ) मार्मा गाउँपालिका कृषि शाखाबाट वा लाभग्राही आफैले खरीद गर्न सकिने ।

(ङ) लाभग्राहीसंग समझौता गरेर ५०% रकम लाभग्राहीबाट र ५०% रकम मार्मा गाउँपालिका कृषि शाखा बाट आपूर्तिकर्तालाई बुझाउनु पर्ने ।

(२) कार्यक्रममा सहभागी हुन इच्छुक सम्भाव्य लाभग्राहीले निम्न कागजात सहित गाउँपालिकाले आह्वान गरेको ७ देखि १५ दिनको अवधि सहितको सूचनामा तोकिए अनुसार हुने गरी अनुसूची-१ बमोजिमको कागजात सहित यस गाउँपालिकाको कृषि विकास शाखामा अनुसूची-२ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ ।

४. अनुगमन तथा मूल्यांकन समिति:(१) कार्यक्रम सञ्चालनका लागि तोकिएबमोजिमको कृषि यान्त्रिक सामग्रीमा अनुदान कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नको लागि तपसिल बमोजिमको एक अनुगमन तथा मूल्यांकन समिति रहनेछः

| | |
|---|---|
| क. गाउँपालिकाको अध्यक्ष | -संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ. जिन्सी शाखा प्रमुख वा प्रतिनिधि | - सदस्य |
| ङ. आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि | - सदस्य |
| च. योजना शाखा वा प्रतिनिधि | - सदस्य |
| छ. कृषिशाखाको प्रमुख वा प्रतिनिधि | - सदस्य सचिव |

समितिको बैठकमा आवश्यकता अनुसार अनुदानमा वितरण गरिने यान्त्रिक सामग्रीसँग सम्बन्धित प्राविधिक कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(२) अनुगमन तथा मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार अनुदानमा वितरण गरिने कृषि यान्त्रिक औजारको सम्वन्धित प्राविधिकबाट निर्माण भई आएको प्राविधिक स्पेशिफिकेशन (Technical Specification) तथा लागत अनुमान स्वीकृत गर्ने,

(यदि गाउँपालिकामा कृषि यान्त्रिक औजारसँग सम्बन्धित प्राविधिक नभएको खण्डमा गाउँपालिकाले अन्य सम्बन्धित कार्यालय वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट इजाजत प्राप्त व्यक्ति वा संघसंस्थालाई प्राविधिक स्पेशिफिकेशन (Technical Specification) तथा लागत अनुमान बनाउन लगाई स्वीकृत गर्न सक्नेछ ।

ख. लाभग्राहीहरुले उपदफा (क) बमोजिम कृषि यान्त्रिक औजार खरिद गरे वा नगरेको अनुगमन तथा मूल्यांकन गरी वडा कार्यालयको सिफारिस सहित भुक्तानीको लागि सिफारिस गर्ने,

ग. कृषि यान्त्रिक औजारसँग सम्बन्धित अनुगमन तथा मूल्यांकनको प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद-३

## लाभग्राही छनौट सम्बन्धी व्यवस्था

५. लाभग्राही छनौटका आधारहरुः (१) कृषि यन्त्र औजार उपकरण लगायतका कृषिजन्य उपकरणका सामग्रीहरु माग गरेका आवेदकहरु मध्येबाट गाउँ कार्यपालिका वा गाउँ सभाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ । साथै लाभग्राही छनौटका आधारहरु अनुसूची-४ बमोजिम हुनेछ ।

## परिच्छेद-४

## अनुदान रकम निर्धारण र भुक्तानी प्रक्रिया

६. अनुदान रकम निर्धारण र भुक्तानी प्रक्रियाः

(१) कृषि यान्त्रिकरण वापतको रकम भुक्तानीको लागि अनुसूची-३.१ बमोजिमको निवेदनसँगै अनुसूची-१ मा उल्लेख गरेको कागजातका साथै तपसिल बमोजिमका कागजातहरु लाभग्राहीले संलग्न राखी कार्यालयमा पेश गर्नुपर्नेछ । आपूर्तिकर्ताको हकमा अनुसूची-३.२ बमोजिमको निवेदनसँगै कार्यालयमा पेश गर्नु पर्नेछ ।

क. दफा ४ को उपदफा २ (ग) बमोजिम अनुगमन तथा मूल्यांकन समितिको प्रतिवेदन प्राप्त हुनुपर्ने,

ख. कृषि यान्त्रिकरण वितरण गरेको फोटोहरु

## परिच्छेद-५
## लाभग्राहीको शर्त सम्बन्धी व्यवस्था

७. लाभग्राहीले शर्तको पालना गर्नुपर्नेः (१)यस कार्यविधि बमोजिमका लाभग्राहीले तपसिल बमोजिमको शर्तहरु पालना गर्नुपर्नेछः

(क) गाउँपालिकाबाट अनुदान प्राप्त गरी खरिद गरिएको सामग्री विक्री वितरण गर्न पाइनेछैन ।

(ख) अनुदान प्राप्त सामग्रीको दुरुपयोग भएको पाइएमा कानुन बमोजिम कारबाही हुनेछ ।

## परिच्छेद-६
## विविध

८. बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यविधिमा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

९. बचाउः यो कार्यविधि जारी हुनुपूर्व भएका यसैसँग सम्बन्धित कार्यक्रमका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१०. संसोधन वा खारेजीः गाउँ कार्यपालिकाले आवश्यकता बमोजिम यस कार्यविधिलाई संसोधन वा खारेजी गर्न सक्नेछ । साथै प्रचलित नेपाल कानूनसँग बाझिएकोमा त्यसरी बाझिएको हदसम्म अमान्य हुनेछ।

## अनुसूची -१

**क. कृषक समूह तथा उपभोक्ताको लागि**

१. कृषक समुह दर्ताको प्रमाणपत्रको प्रतिलिपी,
२. समुहको निर्णयको प्रतिलिपी,
३. सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र,
४. यदि समुहको कुनै सदस्यले एकल रुपमा लिन चाहेमा समुहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्ने,
५. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धि तालिम लिएको भएमा सो प्रमाणपत्रको प्रतिलिपी,
६. जग्गाधनी लालपुर्जाको प्रतिलिपी ।

**ख. कृषि सहकारी संस्था/ निजि फर्म/ कृषि उद्यमी उपभोक्ताको लागि**

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी,
२. संस्था नविकरणको प्रमाणको प्रतिलिपी,
३. संस्थाको पान प्रमाणपत्रको प्रतिलिपी,
४. सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र,
५. गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,
६. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा
७. लिएको भए सम्झौताको (कम्तीमा पांच वर्ष) प्रमाणहरु सहित पेश गर्नुपर्ने,
८. जग्गाधनी लालपुर्जाको प्रतिलिपी।

## अनुसूची -२.१

**<u>अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने उपभोक्ताले मार्मा गाउँपालिका कृषि विकास शाखामा पेश गर्ने निवेदनको ढाँचा</u>**

| रु १० को टिकट |
|---|
| |

मितिः..............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

मार्मा गाउँपालिका, लटीनाथ दार्चुला

विषयः कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ।

मलाई/हामीलाई खाद्यान्न बाली, तरकारी र फलफूल उत्पादन कार्यमा उपयोग गर्नका लागि **"कृषि यन्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०"** अनुसार को मिति...............................................मा .................................................. कृषि कृषि विकास शाखाबाट प्रकाशित सूचनाको आधारमा ............................................................ यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउनका लागि अनुसूची १ बमोजिमको कागजातहरु संलग्न गरी यो निवेदन गर्दछु/ छौं।

संलग्न कागजातहरु

१.
२.
३.
४.
५.

निवेदक

नामः..................................................

दस्तखतः..............................................

संस्थाको नामः........................................

संस्थाको छापः........................................

# अनुसुची -२.२

अनुदानमा कृषि औजार यन्त्र तथ उपकरणहरुप्राप्त गर्न चाहनेउपभोक्तालेपेस गर्नेप्रस्तावको ढाँचा

मिति.........................................

श्री प्रमुख प्रशासकीय ज्यू

मार्मा गाउँपालिका, दार्चुला

(क) उपभोक्ता विवरण

१. नाम.............................................नागरिकता नं..........जारी मिति............................

२. सस्था दर्ता न............. दर्ता मिति..................................दर्ता गर्न निकाय.............................

३. स्थायी ठेगाना जिल्ला............................गा पा /न पा..................................वडा न......टोल...........

४. हालको ठेगाना जिल्ला.............गा पा /न पा...............वार्ड न.................टोल.........................

५. सम्पर्क मोबाईल न........फोन न.............. ईमेल...................................................

६. सम्पर्क व्यक्तीको
नाम.................................................................पद....................................मोबाईल
न.....................................ईमेल.......................................................

७. सदस्य सख्या महिला................पुरुष.................जनजाती....................अन्य.......................

८. लाभान्वित कृषक संख्या प्रत्यक्ष......... अप्रत्यक्ष जम्मा.....

९. प्राप्त गर्न चाहेको कृषि औजार यन्त्र तथा उपकरणहरुको विवरण

| सि न | यन्त्रको नाम | ब्राण्ड | मोडेल | हर्ष पावर/साईज | अनुमानित बजार मुल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१० माग गरिएको कृर्षि औजार यन्त्र तथा उपकरणहरु माग गर्नुको
औचित्य.............................................................................................................................
.............................................................................................................................

११ उपलब्ध भौतिक पुर्वाधारहरु सिचाई सडक र बिधुत आदीको अबस्था

१२ सस्थाको आर्थीक अबस्था हितकोष समेत

१३ उत्पादित कृषिजन्य बस्तुहरुको लागी उपलब्ध बजारहरु तथा हालको बिक्रीको अबस्था

| कुलउत्पादन | बिक्री परिमाण | प्रास आय |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

१४ कृषि औजारयन्त्र तथा उपकरणहरु अनुदानमा लिन म/हामी छनोट भएमा अनुदान बाहेकको नगद तिरी कार्यक्रममा सँगल्न हुन सहमत छु/छौ।

माथी पेस गरेकव विवरण ७क साचो छ झुट्टा ठहरिए प्रचलित कानुन बमोजिम कारवाही सहुला बुझाउला । मलाई /हामीलाई मन्त्रालयबाट व्यबस्था भए बमोजिमको अनुदान उपलब्ध गराईदिन हुन अनुरोध गर्दछु / छौं।

निबेदक

सहीः

नामः

पदः

मितिः

औठाछापः

# अनुसूची -२.३

**स्वघोषणा पत्र**

१. मेरो/ हाम्रो समुह/ सँस्था वा अनुदानउपभोग गर्ने सँस्थाका सदस्यहरुवा सँस्थाबाट सँञ्चालित व्यबसाय नेपालको नियम कानुन द्वारा बर्जित कार्यमा सँग्लग्न हुने छैन ।

२. म /हामी कुनै गम्भिर एब नकरात्मक प्रकितिको पेसामा सँग्लग्न रहेका छु /छैनौ ।

३. म / हामीले नेपालको प्रचलित कानुन बमोजिम तिर्नु पर्ने कर तिरि दायित्व पुरा गरेका छु/ छौ ।

४. म/ हामीले बाताबरणमा नकरात्मक प्रभाव पार्ने कुनैपनि कृयाकलापहरु सँञ्चालन गरेका /गर्ने छैन /छैनौ।

५. म/ हामी/ निर्देसनालयको अनुदान प्रकृयाको सर्तहरुको पुर्ण पालना गर्न सहमत छु/ छौ ।

६. म/ हाम्रो सँस्थाले बिगत २ बर्षमा कृषि बिकास निर्देशनालय र कृषि ज्ञानकेन्द्र बाट कुनै किसिमको कृषि औजार उपकरण अनुदानमा तथा निसुल्क प्रास गरेका छैनौ। यदि त्यसरी लिएको देखिएमा जुन सुकै बखत सम्झौता रद्द गर्न तथा कानुन बमोजिम सजाय भोग्न मेरो मन्जुरी छ ।

७. म/ हामी निर्देशनालय बाट अनुदानमा प्रास गरेको कृषि औजार उपकरण कृषि कार्यमा मात्र प्रयोग गर्नेछु ।

८. म/ हामीले अनुदानमा प्रास गरेको कृषि औजार उपकरणहरु कसैलाई बिक्री गर्ने छैन १ बर्ष पछी अनुगमन गर्दा पनि औजार उपकरण विक्री गरेको देखिएमा निर्देशनालयले जुनसुकै कार्यवाही गर्दा पनिम सहन तयार छु । र त्यस्तो सजाय पाएमा ३ बर्ष सम्म प्रदेस सरकारको कुनैपनि अनुदान कार्यक्रममा अनुदान माग नर्ने छैन ।

९. म/ हामीले निर्देशनालय बाट प्रास अनुदानमा प्रास गरेको कृषि औजार उपकरण अरु कसैलाई भाडामा दिनु परेमा अरुभन्दा सुपत दरमा उपलब्ध गराउने छौ।

१०. म/ हामी माथी उल्लेखित विवरण वा जानकारी गलत प्रमाणित भएमा प्रचलित कानुन नियम अनुसार कारवाहीको भागिदार बन्ने स्व घोषणा गर्दछु / गर्दछौ ।

ल्याप्चे/सहि छाप

| दाँया | बाँया |
|---|---|
| | |

i. हस्ताक्षर
ii. नाम
iii. पद:
iv. समुह/सहकारी/फर्मको नाम
v. ठेगाना
vi. मिति
vii. छाप

# अनुसूची – ३.१

## अनुदान रकम भुक्तानी आवेदन फारमको ढाँचा

(उपभोक्ता प्रयोजनको लागि):

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

मार्मा गाउँपालिका लटीनाथ दार्चुला ।

विषय : भुक्तानी सम्बन्धमा ।

महोदय सादर निवेदन यस प्रकार छ की मार्मा गाउँपालिका कृषि शाखाको आ.व. २०८० /०८१ को यान्त्रीकरण वितरण कार्यक्रम अनुसार मेरो/हाम्रो प्रस्ताव छनोट भई ताँहा कार्यालय सगँ सम्झौता भए अनुसार मैले/हामीले श्री..............................................................................सप्लार्यस बाट ..................................................यांत्रिकारण उपकरण खरिद गरि ल्याएको सकेको र मैले/ हाम्रो समुहले बिल अनुसारको ५० प्रतिशतबाट हुन आउने रकम रु ....................( अक्षरुपी ..............................) तिरि सकेको र बाकी ५० प्रतिशतबाट हुन आउने रकम रु ....................(अक्षरुपी ..................................) उक्त सप्लायर्स लाई भुक्तानी गरिदिन हुन विल समेत संलग्न यो निवेदन पेश गरेको छु/छौ ।

निवेदनः

नाम थरः

ठेगानाः

दस्तखतः

# अनुसूची – ३.२

## अनुदान रकम भुक्तानी आवेदन फारमको ढाँचा

(आपूर्तिकर्ता प्रयोजनको लागि):

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

मार्मा गाउँपालिका,लटीनाथ दार्चुला

विषय :अनुदान रकम भुक्तानी पाउँ बारे

उपरोक्त विषय सम्बन्धमा तहाँ कार्यालयको च. न ........ मिति ..................... को कार्यदेश अनुसार मेरो .......... .......... फर्मबाट तपशीलमा उल्लेखित कृषि औजार यन्त्र उपकरण हरु तपशीलका कृषक, कृषक समूह , कृषि तथा बहुउदेशिय सहकारी संस्था/ निजी कृषि फर्म, कम्पनी ले आफ्नो तर्फ बाट ब्यहोर्ने नगद रकम भुक्तानी गरी लगिसकेको हुनाले तहाँ कार्यालय बाट दिनुपर्ने अनुदान रकम रु. ............... (अक् रूपी .........................................) भुक्तानी पाउँ भनी आवश्यक कागजात यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु ।

तपसिल

| क्र . सं | कृषक, कृषक समूह , कृषि तथा बहुउदेशिय सहकारी संस्था/ निजी कृषि फर्म, कम्पनी | ठेगाना | कृषि औजारको नाम | परिमाण | जम्मा रकम (रू. ) | उपभोक्ताले ब्यहोर्ने रकम (रू. ) | अनुदान पाउने पर्ने रकम (रू.) |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| | | | जम्मा | | | | |

आवश्यक कागजातहरु:

१. कृषक, कृषक समूह , कृषि तथा बहुउदेशिय सहकारी संस्था/ निजी कृषि फर्म, कम्पनीले उपकरण बुझेको भरपाई.... थान ।
२. विलवीजक........ थान ।
३. कार्यालय संग भएको सम्झौताको फोटोकपी ।
४. सम्भव भएसम्म उपकरण बितरण गरेको फोटोहरु ।

आपूर्तिकर्तको नाम :

पद:

फर्मको/संस्थाको नाम :

ठेगाना :
मिति :

# अनुसूची-४

छनोट मूल्यांकनका आधारहरु /सूचकहरु तथा पूर्णाङक :

| क्र.सं | छनोट मूल्यांकन का आधारहरु | पूर्णाङक | प्राप्ताङक | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि औजार यन्त्र उपकरण मांग गरेको औचित्य | १० | | मांग गरेको औजार यन्त्र उपकरणले उपभोक्ताको आवश्यकता सामान्य रुपमा सम्वोधन गर्छ भने सामान्य,धेरै हदसम्म सक्छ भने मध्यम र पूर्ण रूप रुपमा सक्छ भने उत्तम मानी अंक प्रदान गर्ने । |
| २ | उपभोक्ताको किसिम | १० | | व्यक्तिगत कृषक भए सामान्य, कृषक समूह या निजी फर्म/कम्पनी भए मध्यम, कृषि तथा बहुउदेशिय सहकारी भए उत्तम मानी अंक प्रदान गर्ने |
| ३ | उपभोक्ताको अनुभव | १० | | व्यवसायिक खेतीको अनुभव २ बर्ष समम् मात्रै भए सामान्य, ५ बर्षको भए मध्यम र ५ बर्ष भन्दा माथि को भए उत्तम मानी अंक दिनुपर्ने |
| ४ | उपभोक्ताको सक्रियता तथा पुर्याएको सेवाको अवस्था | १० | | आफूमा मात्र सीमित भएकोलाई सामान्य , चार छिमेक समम् सेवा पुर्याइ रहेकोमा मध्यम र टाढा सम्म पनि सेवा पुर्याइ रहेको भए उत्तम मानी अंक प्रदान गर्ने |
| ५ | खेतीको | १० | | निर्वाहमुखी भए सामान्य, १ देखि ३ हे . सम्मको खेतीलाई मध्यम र ३ हे. भन्दा बढिको भएमा उत्तम मानी अंक प्रदान गर्ने |
| ६ | उत्पादित वस्तूहरुको बाजार अवस्था | १० | | कुल उत्पादनको ५०% बिक्री हुने गरेकोमा साम्मान्य,५०-७५% सम्म बिक्री हुने गरेकोमा मध्यम ७५% भन्दा बढि बिक्री हुने गरेको भएमा उत्तम मानी अंक प्रदान गर्ने |
| ७ | उपभोक्ताको समावेशिता | १० | | एकल महिला, दलित र आर्थिक अवस्था निकै दैनिया भई वडा बाट प्रमाणित भएको वर्गको सहभागिता हेरी सामान्य, मध्यम वा उत्तम मणि अंक प्रदान गर्ने |
| ८ | वार्षिक कारोवार | १० | | वार्षिक २ लाख सम्मको कारोबार गर्ने लाई सामान्य, २ देखि ५ लाख सम्मको कारोवार लाई मध्यम र ५ लाख भन्दा माथिको कारोवारलाई उत्तम मानी अंक प्रदान गर्ने । |
| ९ | भौतिक पूर्वाधा( सडक,सिंचाई ,विजुली आदी ) को सुविधा | १० | | न्यूनतम रुपमा मात्र उपलब्ध भए सामान्य,आवश्यकताको आधिजति मात्र उपलब्ध भए मध्यम र प्रयास छ भने उत्तम अंक प्रदान गर्ने । |
| १० | भौगोलिक दृष्टिकोणले उपयुक्त | १० | | कृषि औजार यन्त्र उपकरण प्रयोग गर्न उपभोक्ताको भैगोलिक क्षेत्र तथा जगगा कत्तिको उपयुक्त छ, सोको आधारमा सामान्य, मध्यम वा उत्तम मानी अंक प्रदान गर्ने । |

नोट : माथि उल्लेखित मूल्यांकका आधार / सूचक हरुको सामान्य देखिए ४, मध्यम देखिए ६ र उत्तम देखिए १० अंक प्रदान गर्ने ।